# राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०६३।१२।१४

संशोधन

राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) (पहिलो संशोधन) नियमावली, २०७० — २०७०।१।१३

निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "संविधान" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले निर्वाचन आयोग ऐन, २०६३ सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा १२८ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "अधिकार प्राप्त व्यक्ति" भन्नाले यस नियमावली बमोजिम राजनैतिक दल दर्ता गराउनका लागि नियम ६ बमोजिम अधिकार प्राप्त गरेको व्यक्ति सम्झनु पर्छ ।

३. **राजनैतिक दल दर्ताको उद्देश्य** : निर्वाचन प्रयोजनको लागि राजनैतिक दल दर्ता गर्नु पर्ने उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) संविधानको धारा १४२ तथा ऐनको दफा १९ बमोजिम निर्वाचन प्रयोजनको लागि आयोगबाट मान्यता प्राप्त गर्न चाहने प्रत्येक राजनैतिक दलले आयोगमा दल दर्ता गराउने,

(ख) निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले निर्वाचन प्रयोजनको लागि आयोगमा दल दर्ता गराई निर्वाचनमा भाग लिने कुरा सार्वजनिक गरी जनताको अभिमत प्राप्त गर्ने,

(ग) निर्वाचनको क्रममा आयोग र राजनैतिक दलहरू बीच हुने सम्पर्क र निर्वाचनका प्रक्रियाहरूलाई सुव्यवस्थित गर्न राजनैतिक दलहरूलाई मान्यता दिने ।

## परिच्छेद - २

## दल दर्ता सम्बन्धी कार्यविधि

४. **दल दर्ताको सूचना** : (१) आयोगले निर्वाचन हुनु अघि निर्वाचन प्रयोजनको लागि राजनैतिक दल दर्ता गराउन चाहने राजनैतिक दललाई बढीमा एक महिनासम्मको समय दिई दल दर्ता गराउनको निम्ति नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) आयोगले त्यस्तो सूचना राष्ट्रिय स्तरका पत्र-पत्रिका तथा सञ्चार माध्यममा समेत प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ ।

५. **दल दर्ताको लागि निवेदन** : (१) निर्वाचन प्रयोजनको लागि दर्ता गराउन चाहने राजनैतिक दलले आयोगबाट नियम ४ बमोजिम नेपाल राजपत्रमा प्रकाशित सूचनामा तोकिएको म्याद भित्र अनुसूची-१ बमोजिमको ढाँचामा सो अनुसूचीमा तोकिएका विवरणहरू समेत संलग्न गरी दल दर्ताको लागि आयोग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) नियम ४ बमोजिम प्रकाशित सूचनामा तोकिएको म्याद भित्र दल दर्ता गराउन निवेदन नदिने राजनैतिक दलले त्यसपछि दल दर्ताको लागि निवेदन दिन पाउने छैन ।

६. **अधिकार प्राप्त व्यक्तिले निवेदन दिने** : नियम ५ बमोजिम दल दर्ता गराउनको लागि आयोग समक्ष निवेदन दिने प्रयोजनका निम्ति सो राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहका समितिका सभापति वा महामन्त्री वा सो सरहका पदाधिकारीले अनुसूची-२ बमोजिमको ढाँचामा अधिकार दिएको व्यक्तिले त्यस्तो दल दर्ता गराउन सो दलको तर्फबाट आयोग समक्ष निवदेन दिनु पर्नेछ । यसरी अधिकार प्राप्त व्यक्तिले राजनैतिक दलको तर्फबाट दल दर्ता गराउन आयोग समक्ष दिएको निवेदन त्यस्तो राजनैतिक दलले दिएको मानिनेछ ।

७. **दल दर्ताको निवेदन साथ संलग्न हुनु पर्ने कागजात** : राजनैतिक दलले नियम ५ बमोजिम दल दर्ताको लागि निवेदन दिंदा देहायका कागज तथा विवरणहरू संलग्न गर्नु पर्नेछ :-

(क) राजनैतिक दलको विधान,

(ख) राजनैतिक दलको घोषणापत्र,

(ग) राजनैतिक दलका नियमावली,

(घ) राजनैतिक दलको झण्डा, चिन्ह,

(ङ) राजनैतिक दलको आधिकारिक छापको नमूना,

(च) केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीय स्तरको समितिका पदाधिकारीहरूको नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति,

◈(छ) सम्वत् २०६४ सालमा निर्वाचित तत्कालिन संविधानसभामा प्रतिनिधित्व गरेका भए सो प्रमाणित हुने लिखत,

(ज) राजनैतिक दल दर्ताको लागि अधिकार प्राप्त व्यक्तिले प्राप्त गरेको अधिकारपत्र,

(झ) कम्तीमा दश हजार मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन ।

◈तर, सम्वत्र २०६४ सालमा निर्वाचित तत्कालिन संविधानसभामा प्रतिनिधित्व गरेमा राजनैतिक दलहरूको हकमा यस्तो हस्ताक्षरयुक्त निवदेनको आवश्यकता पर्ने छैन ।

८. **निवदेनमा खुलाउनु पर्ने कुराहरू** : राजनैतिक दलले नियम ५ बमोजिम निवेदन दिँदा देहायका कुराहरू खुलाउनु पर्नेछ :-

(क) राजनैतिक दलको नाम र त्यसको प्रधान कार्यालय रहने ठेगाना,

(ख) राजनैतिक दलको केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको समितिका सदस्य तथा अन्य पदाधिकारीको नाम र ठेगाना,

(ग) राजनैतिक दलको आयस्रोतको कोष र सो जुटाउने स्रोतको विवरण ।

---

◈ पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

९. **दल दर्ताका शर्तहरू** : राजनैतिक दलले नियम ५ बमोजिम दल दर्ताको लागि निवेदन पेश गर्दा संविधानको धारा १४२ को उपधारा (३) द्वारा निर्धारित देहायका शर्तहरू पूरा गरेको वा पूरा गर्ने कबोल गर्नु पर्नेछ :-

(क) विधान वा नियमावलीमा भएको लोकतान्त्रिक व्यवस्था वा विधान वा नियमावलीमा गर्ने लोकतान्त्रिक व्यवस्था,

(ख) विधान वा नियमावलीमा कम्तीमा पाँच वर्षमा एक पटक सो दलका प्रत्येक तहका पदाधिकारीहरूको निर्वाचन हुने व्यवस्था,

(ग) विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला, दलित लगायत उपेक्षित र उत्पीडित क्षेत्रका सदस्यहरू समेत रहने समावेशी व्यवस्था,

(घ) दलको विधानमा दलका सदस्यहरूलाई अनुशासित तुल्याउने प्रभावकारी व्यवस्था ।

१०. **हस्ताक्षरयुक्त निवेदन पेश गर्नु पर्ने** : (१) यस नियमावली बमोजिम दल दर्ताको लागि निवेदन दिने राजनैतिक दलले नियम ७ को खण्ड (झ) बमोजिम दश हजार मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदनसाथ प्रत्येक मतदाताको नाम थर, जिल्ला, निर्वाचन क्षेत्र, गा.वि.स./न.पा., वडा, □मतदाताको दर्ता क्रम संख्या, मतदाताको नागरिकता नम्बर र जारी भएको जिल्ला, माता वा पिता/पतिको नाम, थर समेतको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा संलग्न गरी अनुसूची-३ बमोजिमको ढाँचामा आयोग समक्ष निवेदन दिनु पर्नेछ ।

(२) मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन र सो साथ संलग्न मतदाताहरूको विवरण सत्य भएको व्यहोरा अधिकार प्राप्त व्यक्तिले प्रमाणित गरेको हुनु पर्नेछ ।

११. **हस्ताक्षरयुक्त निवेदनको सम्पुष्टी (भेरिफिकेशन)** : (१) आयोगले नियम १० बमोजिम पेश भएको मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवदेन साथ संलग्न विवरण सम्पुष्टी गर्ने सिलसिलामा त्यस्ता मतदाताहरूको नाम समावेश भएको मतदाता नामावलीमा रहेको विवरणसँग आयोगले भिडाई जाँच गर्न सक्नेछ ।

(२) मतदाता नामावलीमा संलग्न विवरण र नियम १० बमोजिम पेश भएको निवेदन साथ संलग्न विवरणको सम्पुष्टी गर्दा हस्ताक्षरयुक्त निवेदनमा संलग्न

---

□ पहिलो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

मतदाताहरूका सम्बन्धमा आयोग विश्वस्त भएमा त्यस्तो समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन साथ संलग्न विवरणलाई आयोगले मान्यता दिनेछ ।

(३) कुनै राजनैतिक दलले नियम १० बमोजिम आयोग समक्ष पेश गरेको मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन साथ संलग्न विवरणलाई आयोगले यस नियम बमोजिम सम्पुष्टी गर्दा त्यस्तो विवरणमा कुनै कमी, त्रुटी रहन गई अपूरो हुन गएको पाएमा त्यस्तो विवरण सच्याई वा पूरा गरी ल्याउन सम्बन्धित राजनैतिक दललाई बढीमा सात दिनसम्मको समय दिन सक्नेछ । यसरी दिइएको म्याद भित्र त्यस्तो विवरण सच्याई वा पूरा गरी ल्याएमा आयोगले त्यस्तो विवरणलाई निर्वाचनको निमित्त दल दर्ता गर्ने प्रयोजनको लागि मान्यता दिनेछ । सो म्याद भित्र विवरण सच्याई वा पूरा गरी आयोग समक्ष विवरण पेश नगर्ने राजनैतिक दललाई दर्ता गरिने छैन ।

नेपाल कानून आयोग

१२. **दल दर्ता हुन नसक्ने अवस्था** : देहायका अवस्था भएको राजनैतिक दल निर्वाचन प्रयोजनको लागि दर्ता हुन सक्ने छैन :-

(क) संविधानको प्रस्तावनाको मूल भावना र मर्म प्रतिकूल उद्देश्य राखेको,

(ख) राजनैतिक दलका सदस्यता प्राप्त गर्न केवल धर्म, जात, जाति, भाषा वा लिङ्गको आधारमा नेपाली नागरिक उपर भेदभावपूर्ण बन्देज लगाइएको,

(ग) राजनैतिक दलको नाम, उद्देश्य, चिन्ह वा झण्डा मुलुकको धार्मिक वा साम्प्रदायिक एकतालाई खलल पर्ने वा मुलुकलाई विखण्डित पार्ने प्रकृतिको रहेको,

(घ) राजनैतिक दलको विधान वा नियमावलीमा निर्दलीय वा एक दलीय व्यवस्थाको सम्वर्द्धन र संरक्षण गर्ने उद्देश्य रहेको ।

१३. **जाँचबुझ र निर्णय** : (१) आयोगले राजनैतिक दलले पेश गरेको निवेदन उपर देहाय बमोजिम जाँचबुझ गरी दल दर्ता सम्बन्धी निर्णय गर्नु पर्नेछ :-

(क) निवेदनमा खुलाउनु पर्ने कुरा खुलाए वा नखुलाएको,

(ख) दल दर्ता हुन आवश्यक शर्तहरू पूरा गरे वा नगरेको,

(ग) दल दर्ताको लागि राजनैतिक दलले पेश गरेको निवेदन र सो साथ संलग्न विवरण, कागजात पूरा भए वा नभएको ।

(२) उपनियम (१) बमोजिम निवेदन उपर जाँचबुझ गरी उपयुक्त देखिएमा त्यस्तो राजनैतिक दललाई आयोगले निर्वाचन प्रयोजनको लागि दर्ता गर्नु पर्नेछ ।

(३) आयोगले दर्ताको लागि प्राप्त भएको निवेदन, कागजात तथा विवरण पर्याप्त भएको नपाएमा निवेदन पेश गर्ने राजनैतिक दलसँग आवश्यक देखेको विषयमा थप जाँचबुझ गर्न वा आवश्यक देखेको कुरा बुझ्न सक्नेछ ।

(४) निवेदन पेश गर्ने राजनैतिक दल दर्ता हुन नसक्ने कारण र अवस्था देखिएमा आयोगले त्यस्तो दललाई प्रमाण सहित आफ्नो भनाइ पेश गर्न बढीमा सात दिनसम्मको समय दिनु पर्नेछ ।

(५) आयोगले भनाई पेश गर्न दिएको समयभित्र राजनैतिक दलले पेश गरेको भनाइ एवं संलग्न प्रमाणसमेतका आधारमा त्यस्तो दल दर्ता गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

(६) आयोगले दिएको समयभित्र भनाइ पेश नगर्ने राजनैतिक दलले पछि आफ्नो भनाइ पेश गर्न पाउने छैन ।

(७) आयोगले दिएको समयभित्र कुनै राजनैतिक दलले भनाई पेश नगरेको कारणबाट निर्वाचन प्रयोजनको लागि त्यस्तो दल दर्ता गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्न आयोगलाई बाधा पुगेको मानिने छैन ।

(८) आयोगले निर्वाचन प्रयोजनको लागि दर्ता गरेका राजनैतिक दलहरूको नाम नेपाल राजपत्रमा प्रकाशन गर्नेछ ।

(९) आयोगले निवेदन पेश गर्ने राजनैतिक दलको दर्ता नगरेमा त्यसको जानकारी सात दिनभित्र सम्बन्धित राजनैतिक दललाई दिनु पर्नेछ ।

(१०) राजनैतिक दल दर्ता गर्ने नगर्ने सम्बन्धमा आयोगले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. **एउटै नामबाट एक भन्दा बढी दल दर्ता नहुने** : (१) एउटै नामबाट एकभन्दा बढी राजनैतिक दल निर्वाचन प्रयोजनको लागि दर्ता हुने छैन ।

(२) दल दर्ताको लागि निवेदन दिने दुई वा सोभन्दा बढी राजनैतिक दलको नाम एउटै देखिन आएमा आयोगले सम्बन्धित राजनैतिक दलसँग परामर्श गरी तत् सम्बन्धमा दलको नाम छुट्टा छुट्टै पहिचान हुन सक्ने गरी दर्ता गर्न सहमति कायम गर्ने प्रयास गर्नु पर्नेछ ।

(३) आयोगले उपदफा (२) बमोजिम राजनैतिक दलहरूसँग परामर्श गर्दा सम्बन्धित राजनैतिक दलहरूबीच दलहरूको नाम छुट्टा छुट्टै रूपमा पहिचान हुन सक्ने गरी दर्ता गर्न सहमति भएमा सोही बमोजिम आयोगले दल दर्ता गर्नु पर्नेछ ।

(४) राय परामर्शमा राजनैतिक दलहरूबीच सहमति कायम हुन नसकेमा आयोगले त्यस्ता दलहरू छुट्टा छुट्टै रूपमा पहिचान हुन सक्ने गरी दर्ता गर्ने निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद-३

## दर्ता खारेज

१५. **निर्वाचन प्रयोजनको लागि दर्ता भएको दल खारेज हुने अवस्था** : निर्वाचन प्रयोजनको लागि दर्ता भएको राजनैतिक दलको दर्ता देहायका अवस्थामा खारेज हुनेछ :-

(क) सम्बन्धित राजनैतिक दल आफैले आफ्नो दर्ता खारेज गर्न आयोग समक्ष निवेदन दिएमा,

(ख) लगातार तीन वर्षसम्म प्रचलित कानून बमोजिम आयोगलाई बुझाउनु पर्ने विवरण नबुझाएमा,

(ग) संविधान वा निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम राजनैतिक दल दर्ता गर्न पूरा गर्नु पर्ने शर्त पूरा नगरेमा ।

१६. **दल दर्ता खारेजको प्रक्रिया** : (१) नियम १५ बमोजिम आयोगमा दर्ता रहेको राजनैतिक दलको दर्ता खारेज गर्दा दल आफैंले आफ्नो दर्ता खारेज गर्न निर्वाचन आयोग समक्ष निवेदन दिएको वा लगातार तीन वर्षसम्म प्रचलित कानून बमोजिम आयोगलाई बुझाउनु पर्ने विवरण नबुझाएमा बाहेक अन्य अवस्थामा दर्ता खारेज गर्नु पूर्व राजनैतिक दललाई आफ्नो भनाई पेश गर्न आयोगले एक महिनाको म्याद दिनु पर्नेछ ।

(२) त्यस्तो म्यादभित्र भनाइ पेश नगरेमा वा पेश गरेको भनाइ मनासिव नदेखिएमा आयोगले त्यस्तो दलको दर्ता खारेज गर्नु पर्नेछ ।

(३) यस नियम बमोजिम राजनैतिक दलको दर्ता खारेज गरिएको सूचना आयोगले नेपाल राजपत्रमा प्रकाशित गर्नु पर्नेछ ।

१७. **दर्ता खारेज भएको दलको नाम, झण्डा र चिन्ह** : यस नियमावली बमोजिम दर्ता खारेज भएको राजनैतिक दलको नाम, झण्डा र चिन्ह प्रयोगका सम्बन्धमा आयोगले निर्णय गरे बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

१८. **पुनरावेदन** : यस नियमावली बमोजिम आयोगले कुनै राजनैतिक दलको दर्ता खारेज गर्ने गरी गरेको निर्णय उपर चित्त नबुझ्ने राजनैतिक दलले त्यस्तो निर्णयको जानकारी प्राप्त गरेको मितिले पैंतीस दिन भित्र सर्वोच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

१९. **राजनैतिक दलको मान्यता** : (१) ऐन प्रारम्भ भए पछि निर्वाचनमा भाग लिन चाहने राजनैतिक दलले ऐन र यस नियमावलीमा लेखिए बमोजिम रीत पुऱ्याई आयोगमा दर्ता भएमा त्यस्तो राजनैतिक दलले निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गरेको मानिनेछ ।

(२) ऐन प्रारम्भ हुनु अघि निर्वाचन प्रयोजनको लागि आयोग समक्ष दर्ता भएको राजनैतिक दलले ऐन प्रारम्भ भए पछि निर्वाचनमा भाग लिन आयोगबाट मान्यता प्राप्त गर्न चाहेमा ऐन र यस नियमावलीमा लेखिएको रीत पुऱ्याई आयोग समक्ष दर्ता गराएमा त्यस्ता राजनैतिक दलले निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गरेको मानिनेछ ।

✖(३) ....................

२०. **अनुसूचीमा हेरफेर तथा थपघट** : आयोगले अनुसूचीहरूमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

नेपाल कानून आयोग

---

✖ पहिलो संशोधनद्वारा झिकिएको ।

## अनुसूची-१

(नियम ५ सँग सम्बन्धित)

## निर्वाचन प्रयोजनको लागि राजनैतिक दल दर्ता गर्नको लागि दिने निवेदन

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ र निर्वाचन आयोग ऐन, २०६३ को दफा १९ बमोजिम निर्वाचनको प्रयोजनको लागि आयोगबाट मान्यता प्राप्त गर्न राजनैतिक दल दर्ताको निमित्त मिति ................... मा निर्वाचन आयोगबाट प्रकाशित सूचना अनुसार देहाय बमोजिमको विवरण खोली यो निवदेन पेश गर्दछु :-

यस राजनैतिक दलले नेपालको अन्तरिम संविधान, २०६३ र प्रचलित कानूनले व्यवस्था गरेका शर्तहरू पालना गर्ने प्रतिबद्धता व्यक्त गर्दछ ।

१. राजनैतिक दल सम्बन्धी विवरण :

| राजनैतिक दलको पूरा नाम | संक्षिप्त नाम | स्थापना भएको मिति | प्रधान कार्यालयको ठेगाना | पत्राचारको ठेगाना | टेलिफोन नं. | इमेल ठेगाना | वेभ साइट | दलको कुल साधारण सदस्य संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

२. केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी र सदस्यहरू :

| क्र.सं. | नाम | पद | ठेगाना | टेलिफोन नं. | इमेल ठेगाना | नागरिकता प्रमाणपत्र नं. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**द्रष्टव्य** : केन्द्रीय कार्यकारिणी समितिका पदाधिकारी तथा सदस्यहरूले निवेदनमा दस्तखत गरेको हुनु पर्नेछ । तर त्यस्तो समितिका कुनै सदस्यले काबु बाहिरको परिस्थिति परी तत्काल दस्तखत गर्न नसकेको अवस्था भएमा त्यस्तो सदस्यको दस्तखत राजनैतिक दलले पछि पेश गर्नु पर्नेछ ।

नेपाल कानून आयोग

३. माग गरिएको निर्वाचन चिन्ह (प्राथमिकता अनुसार लेख्ने)

(क) ..............................

(ख) ..............................

(ग) ..............................

(घ) ..............................

४. केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन भएको छ भने पछिल्लो निर्वाचन भएको मिति :

५. निर्वाचन आयोग ऐन, २०६३ प्रारम्भ हुनु अघि आयोगमा दर्ता भएको भए दर्ता मिति :

६. निम्नलिखित विवरणहरू संलग्न छन् :

(क) विधान ।

(ख) घोषणापत्र ।

(ग) नियमावली ।

(घ) झण्डा ।

(ङ) चिन्ह ।

(च) केन्द्रीय कार्यकारिणी समिति वा सो सरहको केन्द्रीय स्तरको समितिका पदाधिकारीहरूको नेपाली नागरिकताको प्रमाणपत्रको छाँयाप्रति ।

(छ) राजनैतिक दल दर्ता गर्ने प्रयोजनको लागि मतदाताहरूको समर्थन सहितको हस्ताक्षर रहेको पाना .................... ।

➲(ज) संवत् २०६४ सालमा निर्वाचित तत्कालिन संविधानसभामा प्रतिनिधित्व गरेको भए सो प्रमाणित हुने लिखत ।

(झ) केन्द्रीय कार्यकारिणी समितिले राजनैतिक दल दर्ता गर्न निवेदन दिने व्यक्तिलाई अधिकार दिएको पत्र ।

माथि लेखिएको व्यहोरा सत्य भएको घोषणा गर्दछु ।

..............................

राजनैतिक दलको छाप राजनैतिक दलको तर्फबाट अधिकार प्राप्त व्यक्तिको,-

सही ..................................

नाम, थर .............................

पद ....................................

मिति ..................................

➲ मिति २०७०।१।१३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।



नेपाल कानून आयोग

## अनुसूची-२

(नियम ६ सँग सम्बन्धित)

**<u>अधिकार पत्र</u>**

श्री निर्वाचन आयोग,

कान्तिपथ, काठमाडौं ।

निर्वाचन प्रयोजनको लागि राजनैतिक दल दर्ता गराउन ................................ ................................ नामक राजनैतिक दलको तर्फबाट निम्नलिखित व्यक्तिलाई अधिकार दिइएको छ :-

अधिकार प्राप्त व्यक्तिको पूरा नाम, थर :- ................................

पद :- ................................

ठेगाना :- ................................

फोन नं. :- ................................

मोबाइल नं. :- ................................

फ्याक्स नं. :- ................................

इमेल :- ................................

अधिकार प्राप्त व्यक्तिको सहीको नमूना :-

| | |
|---|---|
| १. | |
| २. | |

<u>राजनैतिक दलको छाप</u>

सभापति वा महामन्त्री वा सो सरहको पदाधिकारीको

सही :- ...................................

नाम, थर :- ................................

पद :- ...................................

मिति :- ...................................

नेपाल कानून आयोग

## अनुसूची-३

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

**मतदाताको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन**

विषय : मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पेश गरेको ।

श्री निर्वाचन आयोग,
कान्तिपथ, काठमाडौं ।

निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गर्न त्यस आयोगमा दर्ता गराउनका लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १४२ को उपधारा (५) बमोजिम मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन पाना ……… यसै साथ पेश गरेको छु ।

राजनैतिक दलको नाम :-

अधिकार प्राप्त व्यक्तिको :-
सही :-
नाम, थर :-
मिति :-

राजनैतिक दलको छाप

नेपाल कानून आयोग

## ➲अनुसूची-४

(नियम १० को उपनियम (१) सँग सम्बन्धित)

**मतदाताहरूको समर्थन सहितको हस्ताक्षरयुक्त निवेदन**

श्री निर्वाचन आयोग,

कान्तिपथ, काठमाडौं ।

श्री...................सभापति/अध्यक्ष/महासचिव रहनु भएको.................................. नामको राजनैतिक दल निर्वाचन प्रयोजनको लागि मान्यता प्राप्त गर्न निर्वाचन आयोगमा दर्ता गराउन हामी देहायका मतदाताले आफ्नो समर्थन जनाइ हस्ताक्षर गरेका छौं । हामीले यस दल बाहेक अन्य राजनीतिक दललाई समर्थन गरेका छैनौं ।

| क्र.सं. | मतदाताको नाम, थर | जिल्ला | निर्वाचन क्षेत्र नं. | गा.वि.स./न.पा. को नाम | वडा नं. | मतदाताको दर्ता क्रमसंखया | मतदाताको नागरिकता नम्बर र जारी भएको जिल्ला | मतदाताको माता / पिता वा पतिको नाम, थर | मतदाताको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

उपरोक्त विवरणहरू ठिक छन् । फरक ठहरे त्यसको जिम्मेवारी म आफैंले लिनेछु ।

राजनैतिक दलको छाप :

मिति :

मिति :-

अधिकार प्राप्त व्यक्तिको

हस्ताक्षर :-

नाम, थर :-

राजनैतिक दलको नाम र ठेगाना :-

➲ मिति २०७०।१।१३ मा नेपाल राजपत्रमा प्रकाशित सूचनाद्वारा हेरफेर ।

नेपाल कानून आयोग